आज मिति २०८२ साल पौष ३ गते बिहीबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई

४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल

७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री

८. कार्यपालिका सदस्य श्री मन कुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना वि.क.

१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.

११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव नि.प्रमुख प्रशासकीय अधिकृत श्री दुर्ग बहादुर राई

आमन्त्रित तथा सहयोगी

१. सूचना अधिकारी श्री डिल्लीमान राई

२. सह-लेखापाल श्री उत्तम आचार्य

३. कार्यालय सहयोगी श्री राजन खड्का

४. कार्यालय सहयोगी श्री डम्बर कुमारी सुनुवार

प्रस्तावहरु-

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम बाँडफाँड सम्बन्धमा

२. बसपार्क र कवर्डहलको जग्गा प्राप्ति सम्बन्धमा।

३. विविध सम्बन्धमा ।

क. हाटबजार सार्ने सम्बन्धमा

निर्णयहरु-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकार र गाउँपालिकाको सँयुक्त साझेदारीमा तपशिल बमोजिमको योजना कार्यान्वयन गरि बेरोजगारको सूचीमा सूचिकृत व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराउने निर्णय गरियो ।

आ.व. 2082/83 को लागि जनसंख्या र भूगोलको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रमको बाँडफाँड

| वडा नं. | वडागत जनसंख्या | वडागत क्षेत्रफल | वडावाइज जनघनत्त्व | भूगोल (४७%) | जनसंख्या (४३%) | भौगोलिक विकटता (१०%) | जम्मा | प्राप्त गर्ने सिलिङ |
|---|---|---|---|---|---|---|---|---|
| १ | 2599 | 26.76 | 171.55 | 15.72 | 5.3 | 2.5 | 23.52 | 564480.00 |
| २ | 1968 | 15.15 | 89.70 | 8.9 | 8.08 | 2 | 18.98 | 455520.00 |
| ३ | 1762 | 21.94 | 188.25 | 12.89 | 4.64 | 2.3 | 19.83 | 475920.00 |
| ४ | 1850 | 9.36 | 272.46 | 5.5 | 11.67 | 1.7 | 18.87 | 452880.00 |
| ५ | 1444 | 6.79 | 721.96 | 3.99 | 13.31 | 1.5 | 18.80 | 451200.00 |
| | 9623 | 80.00 | | 47 | 43 | 10 | 100.00 | 2400000.00 |
| | | | | | | | | |

| | | |
|---|---|---|
| १. होमस्टेबाट बालबालिका मा.वि. जाने सिढी स्तरोन्नति | 144000 | |
| 2. धन्नेश्वरी गुफाबाट मपारूङ पर्यटकीय स्थल जाने पदमार्ग निर्माण | 400000 | |
| ३. नागढुंगा सौन्दर्यकरण तथा व्यवस्थापन | 100000 | |
| ४. चखेवा-सेखुवा-साप्सुखोला सौन्दर्यकरण तथा पर्यटन प्रवर्द्धन | 200000 | |
| ५. गा.पा.को नयाँ प्रशासकीय भवन नजिक रहेको पुरानो सिढी स्तरोन्नति | 200000 | |
| ६. तावाभञ्ज्याङमा रहेको चिया नर्सरी व्यवस्थापन तथा पार्कमा पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारहरू निर्माण/स्तरोन्नति | 300000 | |
| ७. वडा नं. ५ को वडा समितिको निर्णयानुसार हुने योजना | 100000 | |
| 8. कुन्तुङ धामीगाउँदेखि सेखुवा जाने पदमार्ग स्तरोन्नति | 100000 | |
| जम्मा बाँडफाड | 1544000 | |

ताव नम्बर २ माथि छलफल गर्दा साकेला गाउँपालिकाको लागि बसपार्क, कवर्ड हल तथा सपिङ ्लेक्स लगायत अन्य सार्वजनिक महत्वका सम्पदा तथा पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा का लागि साकेला गाउँपालिकाको केन्द्र मानेभञ्ज्याङ हाल लागिरहेको हाटबजार क्षेत्रबाट दिक्तेलतर्फ छा/तावाभन्ज्याङ/काल्चिन खोलातर्फ २ किलोमिटर दुरीभित्र रहेको र मूल सडकमा जोडिएको

कम्तिमा १० रोपनी क्षेत्रफल भएको जग्गा निशुल्क प्राप्त गर्नका लागि मिति २०८२ साउन ७ गते बसेको कार्यपालिका बैठकले निर्णय गरि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा सो सूचना बमोजिम कोही जग्गाधनी/संघसंस्थाबाट निशुल्क रुपमा जग्गा उपलब्ध नभएको हुँदा तोकिएको क्षेत्रमा सशुल्क जग्गा प्राप्तिका लागि पुन एक हप्ताको सार्वजनिक सूचना आह्वान गर्ने र उक्त सूचना बमोजिम कोही/कतैबाट तोकिएको दुरी, स्थान र क्षेत्रफलको जग्गा उपलब्ध गराउन मञ्जुर भई आवेदन परेमा सबैभन्दा कम मूल्यमा जग्गा उपलब्ध गराउन मन्जुर व्यक्ति/संस्थाबाट सशुल्क जग्गा प्राप्त गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नम्बर ३ को विविध (क) माथि छलफल गर्दा साकेला गाउँपालिकाको केन्द्र मानेभन्ज्याङमा हरेक महिनाको दुई पटक पाक्षिक रुपमा लाग्दै आएको बजार परिसरमा विभिन्न धार्मिक तथा पर्यटकीय संरचनाहरु निर्माण हुनेगरी आयोजना सञ्चालन यसै वर्षदेखि सुरु हुनेगरि काम प्रारम्भ भएको र भविष्यमा उक्त स्थान ऐतिहाँसिक महत्वको पर्यटकीय स्थानको रुपमा विकास हुने भएकाले हाल सञ्चालनमा रहेको मानेभन्ज्याङ बजारलाई सो क्षेत्रबाट पाँच सय मिटर आसपासमा सारि व्यवस्थित बजार निर्माणका लागि निशुल्क रुपमा प्राप्त गर्न सकिने जग्गाको खोजी गर्ने, निशुल्क जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना आह्वान गर्ने र सो स्थानबाट अन्यत्र बजार सार्नका लागि थप राय, सुझावका लागि सर्वपक्षीय छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नम्बर ३ को विविधको (ख) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरि वडा नम्बर १ को वडा सिलिङबाट विनियोजित बजेट मध्ये खेलमैदान शीर्षकमा विनियोजित रु. ६०,०००/- साठी हजार रुपैयालाई होरप्पाखोला खानेपानी योजना मर्मत डाँडागाउँ तालखर्क-१ मा रकमान्तर गर्नेगरी निर्णयका साथ गाउँपालिका अध्यक्ष ज्यूबाट आजको बैठक यही समापन गरियो ।